लक्ष्मीप्रसाद देवकोटा

# चिल्ला पातहरू

(कवितासङ्ग्रह)

# चिल्ला पातहरू

(कवितासङ्ग्रह)

लक्ष्मीप्रसाद देवकोटा

साहित्यरस

**साहित्यरस**
www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–
(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।
(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

---

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. २०२१

**ईपुस्तकको स्रोत**
*प्रकाशक* : श्रीमती मनदेवी देवकोटा
*संस्करण* : चौथौँ २०२३
*ISBN* :

---

**About this ebook edition**
*Originally created as epub*
*Created* : 2026-04-03, 20:37:28 UTC
*Latest minor Correction* : 2026-04-03, 20:37:28 UTC
*Sahityaras ebook id* : 20260403203728

**Cover art**
*Green leaf book cover*
by Sahityaras team

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

---

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नुहुन अनुरोध छ।

# विषयसूची

*संपादकीय*

प्रार्थना
नेपाली राष्ट्रियगान
राष्ट्रभाषा नेपाली
मातृभूमि प्रति
आरोही प्रति
मीनपचास
भोटेले साईकल देख्छ
वसंत-परी
प्रेम
गहूँको संभना
चिल्ला पातहरू
साउन
सडेको सुकुल
हाम्रो दोष
चिडियाहरू
कुखुरो प्रति
एक अयारे साँभ
माघको खुलेको बिहान
सालपाते फट्याङ्ग्रोलाई
ठुला र सानासंग
तीन स्वर्गवासी बच्चाको संभना

तारा

# संपादकीय

प्रस्तुत "चिल्ला पातहरू" ( कविता संग्रह) को संपादन तथा प्रकाशन सम्बधी संपूर्ण अभिभारा सुम्पने 'महाकवि देवकोटा' स्मारक समितिलाई सधन्यवाद।

दिनभरी कवितामा कुरा गर्न सक्ने, तीन महीनामा 'शाकुन्तल' जस्तो महाकाव्य सिर्जना गर्ने नेपाली साहित्य सम्राट, राष्ट्रियताका पुजारी, होनहार युगकवि स्वर्गीय महाकवि श्री लक्ष्मीप्रसाद देवकोटाको 'चिल्ला पातहरू' ले उहाँको मृत्युपछि प्रकाशनमा आउन पाएता पनि स्कूल, कलेजका विद्यार्थीहरू, नवोदित कवि, लेखकहरू तथा संपूर्ण नेपाली चिल्ला पातहरूलाई अझ बढीमात्रमा चिल्लिन प्रोत्साहन दिनेनै छ!

स्वर्गीय महाकवि देवकोटाले जीवनभर कहिल्यै चिल्लिने मौका पाउनन्, उनलाई रातदिन 'दाल भात डुकु' कै समस्याले पिरोलिरह्यो, चिमोटिरह्यो चिथोरिरह्यो। उनलाई धनले बाँचुन्जेल सरोपेता पनि प्रतिभा, विद्वता, कल्पना, सत्यता र साधनाले भने मरुन्जेलसम्म पनि वरदान वर्षाइरहेका थिए। उनले लेखे, खूब लेखे; आन्ध्रा कुहियुन्जेल र मुटुबाट रगत बगुन्जेल पनि लेखे, अनि लेख्दा लेख्दै मरे।

यो 'चिल्ला पातहरू' विभिन्न साल र मितिमा लेखिएका राष्ट्रप्रेम र राष्ट्रियताका बिभिन्न पक्षलाई लिइएका कविताहरुको संगालो हो। कविताको थुप्रोबाट छान्ने , क्रम मिलाउने, अशुद्ध सारिएका अक्षरहरुलाई शुध्याउने कामभन्दा बाहेक कविका कविताहरू जस्ताका तस्तै छापिएका छन्। यी भन्दा पनि राम्रा कविता अरू थिएनन् होइन; साँचो भन्ने हो भने देवकोटाको कुनचाहिँ कविता नराम्रो भन्न गाहारो छ। नढाँटीकन भन्ने हो

भने प्रवेशिका परीक्षाका विद्यार्थीहरूको निमित्त भनेरनै यी कविताहरू छानिएका हुन्, हेरूँ कसको निमित्त उपयोगी होलान्।

'चिल्ला पातहरू' शीर्षक कविकै हो, केवल छानेर अगाडि ल्याउनेमात्र संपादक। यस संकलनमा अप्रकाशित कविताहरू परभैंं लाग्छ तर महाकवि आफ्ना रचनाहरूसहित ज्यादै व्यापक थिए। हुनेसम्म राम्रो गर्न खोजिएको छ तैपनि नाक चेप्र्याउनेहरूको लागित ओखती नै के छ र? त्यसैले छनोटमा ठीक बेठीक र त्रुटीहरू भए होलान्, त्यसकोलागि क्षमा माग्नु बाहेक अरू केही भन्नु छैन।

**–शिवगोपाल रिसाल**

सं. २०२१ कार्तिक १८ गते
पुतली सडक,
काठमाडौं

# प्रार्थना

सरस्वतीका कुमार हामि,
सरस्वतीको पुकार गर्छौं ॥
उनकै स्तनपान समस्त विद्या,
पियर दूध त्यो स्वदेश भर्छौं ॥१॥

बेदाग सेतो पोशाकलाई,
लिएर जीवनको वीणा हातमा ॥
अनन्त ज्योति अनन्त तारमा,
बजाउँदीको पुकार गर्छौं ॥२॥

विश्वासमानै शुरू भो ज्ञान,
श्रद्धा र आदर आत्मबल जान ॥
सरस्वती छन् सजीव माता,
मिलेर उनकै सद्ध्यान धर्छौं ॥३॥

रहस्य सारा विश्वको उनमा,
ती आत्मज्योति सबैको मनमा, ॥
बिकास हाम्रो दया उनैको,
जगमग जागून् समस्त मनमा ॥४॥

पुस्तक हातमा लिएकी माता,
समस्त ज्ञान विद्याकी दाता ॥
उनै छन् हाम्री स्वदेशकी माता,
शरणमा उनकै समस्त पर्छौं ॥५॥

# नेपाली राष्ट्रियगान

(१)

जय जन-जननी ! कोटी जनमनअधिवासिनि ! माता नेपाल !
निरूपमा हे अमर सुन्दरी ! उन्नततम हिमप्रोज्वल भाल !
चन्द्रसूर्यध्वज हे नेपाल !

(२)

कोटी मुटुकी घंट-निनादिनी, कोटी प्राणका चामर डोली,
जीवन ज्योति पूजारिणी छन् हिममन्दिरमा तिम्रो विशाल !
आदि प्रभा तिमी ! अपराजिता तिमी ! कुसुममनोहरवन-चोली !
अमृत सरिता शत शत त्वरिता पाउ पखाल्छन् श्रद्धोच्छाल
स्वतंत्रता छन् यी गिरिवरमा !
धर्म झुल्किए प्रातः शिखरमा !
सभ्यताका प्रथम किनारा, तिम्रै करूणाजलका जाली !
मेची, कोशी, बाग्मती, गंडकी, राप्ती, कर्णाली, महाकाली,
आदि सृष्टिको गायन गर्छन्–
अगणित निर्भर पीयूष छर्छन् ।
अगणित जलचर, वनचर, नभचर, शबल स्वप्नका अन्तर चाल,
नतमस्तक छौं तिम्रा बाल !

(३)

कण कण पावनी ! मृत संजीविनी तिमी ! बुद्ध प्रबोधिनि !

जानका चाल

ग़िरिकण सदृश छछर्यौं दिशोदश विश्वदानमा वीर कलेवर
सत्यपाल हे नेपाल !
हिन्दु, बौद्ध, यवन र जैन, इशाही सब सुत प्यारा
भिन्न मार्गका पद पूजारी, मातृमार्गमा एक सारा
एक घोषमा नृसिंह तनय कोटी कुद्छन् झंझायाल
राई, लिंबू, सेर्पा, थामी, हायू, थारु, नेवार,
सवर्ण जाति, दनुवार,
तामाङ्ग, भोटे, लेप्चा, सुनुवार,
मगर, गुरुङ्ग, याखा, मुर्मी, धीमाल– सबै सम प्यार !
एक कोख र एकै काख !
एक आत्माका एक शय लाख !
प्रातः समीरण अव नव जाग्दछ, निविड निशाको शासन अन्त !
आशामुखमा र विछवि लाग्दछ,
सुषुप्त जगत एक जोती जाग्दछ,
किरणहरूले ठोक्छन् आरन दीप्त शिखरका जन स्वप्निल !
जय जनमन अधिराज प्रतापी, कोटी प्रतीक महेन्द्र प्रवल !
जय निर्माता नेपाल नरेश !
जय हे माता ! जय हे देश !
विकाशरथका सारथिलाई देऊ जनमनमा पथ बेस !
जय हे सगरमाथा भाल !

# राष्ट्रभाषा नेपाली

(१)

स्वराष्ट्रभाषा ! सबकी पियारी !
समस्तकी छौ सुखकी भकारी !
सुवर्णदाना बहूमूल्य सारा !
कुवेरका छन् तिमिमा हजारौँ !

(२)

कडोरकी छौ दिललाई डोरी !
हिमालकी उत्तम, दिव्य छोरी !
स्वदेशकी प्राकृत बोल खासा !
पियूषकी निर्भर ! राष्ट्रभाषा !

(३)

कडोरको छौ रसना-जुहार !
नेपालकी छौ दिलकी मुहार !
अतीत, भावी अनि वर्तमान !
अटाउँछ्यौ सागरकै समान !

(४)

छ एकताले तिमिमा प्रकाश !
छ राष्ट्रको नै तिमिमा विकाश !
सरस्वतीको तिमिमा छ वास !
अँगाल सारा जन, जात, हाँस !

(५)
तिमी मरे राष्ट्र मऱ्यो समस्त !
तिमी फुले, राष्ट्र फुल्यो प्रशस्त !
आमा तिमीनै सबकी पियारी !
ल गाँस सारा जन एक पारी !

(६)
अनेक छन् जात र मातृभाषा !
तिमी सबकी तर एक आशा !
तिमी सबैलाई विकास, गाँस !
पराइ हुन्नन् सब जात, हाँस !

# मातृभूमि प्रति

स्वर्गभूकि ! पार्वती हे ! सगरमाथा सुन्दरी !
रेणु देखिन् तारासम्मन् पुगी दुगुर्छिन् लरवरी !
पोख तिम्रो माधुरो ! हे अश्रुत, श्रुतमा छरबरी !
हे धराकी स्वर्णचुली ! प्राप्तः तिम्रो सृष्टिको !
सभ्यताकी तपोवन ! ज्ञानकी छौ निर्भरी !
हिम-स्तनी ! पीयूषदात्री ! अन्तरात्माकी ध्वनी !
बुद्ध तिम्रा भावना हुन् कल्पना सीतासरी !
पादरज भै पुष्प पन्छी, नर, नृसिंह बिउँभिए !
निधि नशा छन्, रक्तकणाका रत्न छन् । ए सुन्दरी !
स्वतन्त्रताको श्वास तिम्रो । ए कुमारी नीलिमा !
इस्टार राम्रा छन् सरोवर ! शस्य सारी फूलजरी !
स्फटिक बुर्जा छौ बसेकी विश्वप्रेमी विह्वला !
बिन्दु, बिन्दु, सिन्धु चल्छन् आढ्य भारत खुश गरी !
महिमा सागर भूको उर्ली तुहिन-फेना चूली छौ !
छन् टुना लाखौं सुतेका गिरि र वन औ जनभरी !
छन्द पहिली विश्वको हे वीज पहिली जीवकी !
अतीत तिम्रो कीर्ति-कोष बस्छ भूमा धन छरी !
वीरमाता ! छाल छैनन् जो नगाउन वीरता !
बाघ जस्ता पुत्रका ती, जो सधैं जिउँछन्, मरी !

कोटी मुटु छन् घण्ट तिम्रो, श्वास कोटी-चामर !
कोटी कोटी बाली बत्ती, पूजा गर्छौं, शिर धरी !

# आरोही प्रति

(क)

चढ्, चढ्, सेर्पा ! परवत बने चढ्नकानै चुनौती !
बढ् बढ्, पट्ठा ! युवकहरूको हाँक माग्दो छ धर्ती !
पूरा मान्छे कसरि हुनु हो ? टाकुरा यो नहाँके !
मानीसैमा प्रगति दिन यो उच्चता बोलि डाके !

(ख)

थुप्रेका यो तुहिनहरूका स्वर्गचुंबी उँचाइ
ठाडो बाटो कठिनपथमा 'आन' भन्थे तँलाई
लाखौं बरस यिनकी मुस्किंदी श्री सुनौला
पुस्ता, पुस्ता विविध ढँगले चाल्दथी दिव्य औंला !

(ग)

ओढो झिल्के चदर किरणी, बैंश खुल्दी अमेत
प्रातः संध्या, सर अघि उभि, जो शिगार्थी अखोट
सेतो, गारो तुहिनतन, त्यो, तिर्सदी एक भेट,
सेरै तेरै, मधुमिलनको हो तयारी अटूट !

(घ)

वाणी मीठा झलकहरुको हान्दथी दूरबाट
शर्मिन्थी त्यो बिचबिच त्यसै लाल पारो ललाट
के ले होला प्रियतम, भुली, यो भएको अबेला,
मेरा प्यारा-बृषभ बलिया, आँटका दिव्य चोला !

(ङ)

मानो कोही सुर युवतिझैं मानव प्रेम प्यासी,
पृथ्वी संझी, सुर, गति चुकी, पातिता स्वर्णराशि,
ज्यूँदो सारा जगत बिचको विश्वजेता हि एक
पाए मात्रै प्रणयसफला एक लिन्थी विशेष !

(च)

त्यस्ती राम्री अमर वयसी, पाउनाकी मिठास
सातौं स्वर्गै सदृश सुखका, सुन्दरी, ज्योति-लास
रानी जस्ती झलझल नेकु, दूरकीझैं कहानी,
आजैको यो युगअघि खडा, डाक्न खोज्छे जवानी

(छ)

हो, हो, ठाडा, कठिन पथ छन्, टेक्ननै छैन ठाउँ !
चिल्ला कप्टी तुहीन, पहरा धर्कने ती चढाउ
जालीखाल्डा, धहर, भुँवरी, दन्तकीटा कराली
किस्सा जस्तै छ तर नडगे, आँट जादू छ खालि !

(ज)

रोईरैछन्, मिलन नहुँदा, आसु खोला बहन्छन् !
सारा बन्छन् बिफल उनका साज, श्रृंगार रुन्छन् !

जीताजागा युवक ! चढ त्यो ज्योतिको कैद-किल्ला
अग्लो बुर्जाबिच जलदृशी-सुन्दरी ल्याउ, मिल्ला !

(झ)

श्वाँ श्वाँ पर्ला, हिर हिर पनी, मृत्यु साना र बौर !
ब्यूँझी, आफ्नो लख त नभुले, ताकको शान गौर
चीसो निद्रा सँगसँग बसी मोहनी ढाल्न खोज्ली !
कालै लाग्ला पछि पछि, तिमी लंकिए, भीति हट्ली !

(ञ)

के गर्ने हो ? प्रकृति रिन यो भार बोकी सँधै रे ?
खोस्टो लागी मरमिट गरी फर्कि ऊँभौ यतै रे ?
माफी देलिन ऋण प्रकृतिले कीर्तिका टाकुरामा
कालै कुल्ची पदपद बढे, आँट ली पाखुरामा !

(ट)

धर्मै यै हो अचल नबनी चढ्नु ठूला चढाउ
मोजै यी हुन् विविध खतरा, पाठन कष्ट नाउँ
काले जस्ता विकट रिपुको साथ कुस्ती छ खासा !
जेता पुज्लान्, विजित सुतलान्– लोक हेरून् तमाशा !

(ठ)

मान्छे हामी, कठिन गिरिका साथ कुस्ती लडौंला
गौरी भेटी, गरल जित ती रूद्र आफै बनौंला
बोका मर्लान् युग, यूग, पुली झार होलान् पहेँला
हुँकारौंला अदलबदली कालको गर्न हेलाँ !

(ड)

चढ् चढ् सेर्पा, सगर पगरी, झ्यामुलुङ्गो छ जित्तु
नेपालीको यस कदमले विश्वको अग्र बढ्नु !
यौटा मर्ला अरूकन दिई हातमा त्यो चिराँक
जस्ले बाल्ला जुगजुग नयाँ दोपको रात-हाँक !

(ढ)

मान्छे हामी प्रकृतिविजयी बन्नमा छौं सिपालु
सांग्रा घेरा पर पर हटुन्, ध्येय होस् दिव्य चालू !
यो पृथ्वीको चरम शिर हो, भूमिको जीत-चूली
नेपालीको अवनि शिरले पुज्छ लौ पाद-धूली !

(ण)

पृथ्वीको यो विजय सकिंदा, एक सींढी उचाली
आत्मालाई मनुजहरूको, चन्द्र ताक्ने प्रणाली
होला आर्को शुरु जगतमा, काल कोल्टो लिएर
नेपालीकै विजयी भरमा विश्व उठ्ने छ हेर ।

# मीनपचास

(१)

आयो मीनपचास! काँच हुनको इच्छा छ पानीकन!
माछो सम्म त खोज्छ ओत! जनले खोज्छन् खुलेका दिन!
टाढा सूर्य भए सुदूर दखिना क्या पातलो घाम छ!
छाया घेर परी रूँदी प्रकृतिको दिग्दारको याम छ!

(२)

पन्ना नाम परी बनस्पति भरी छैनन्, चलिन् माइति।
आधा वर्ष नआउने गरी गइन्, डाकी सहेली जति।।
निक्कै शून्य भयो जगत् अब यता! पंछी उदासी भए।
मानो बैंस उडे समान पृथिवीका अंग ढीला भए॥

(३)

थोरै बेर घुमेर ज्योतिपथमा छोटो छ हाम्रो दिन।
माया गर्दछ घाम दूर ध्रुवको ढाकी सँधै दक्षिण
मुस्की दक्खिन अंकमाल रविको पाई छ मैना तक।
खस्की उत्तर आज, आँशु भरिंदी, शृंगार फ्याकी सब॥

(४)

ढल्के दक्षिणमा भनेर दिनका धप्केर चल्ने मणि।
छायाबीच कराउँछीन् प्रकृतिले माया नमारे भनी ॥
चीसो चल्छ बतास, शास दुःखको, संपत् रँगीला गए।
हामी धेर धनी गरीब अब छौं, आनन्द फूस्रा भए ॥

(५)

मानो वर्ष बुढो भयो हिउ सबै दाढी तथा केश छ।
सुक्दा शक्ति समान छन जलहरू; झल्का भने वेस छ।
काँपी थर्थर पात जर्जर भरी, टेक्दो छ लट्ठी सुखा।
देखेझैं उसलाई लाग्दछ कहीं, कुप्री हिंडेको, फिका।

(६)

डामिन्थ्यो कुइरो तुषार अब भो, छन् फुंग बन्दा वन।
काँढा शेष भए समस्त विरुवा, जस्तो छ हाम्रो तन ॥
नीला छन् नँग आत्तिएर, हिउँले टोकी, दुखाईकन।
काँप्यो लुग्लुग्, तर्सियो मुटु पनी तर्सिन्छ यो जीवन ॥

(७)

चीसो लाग्दछ कालले छुनु सरी, न्यानो भने जीवन।
आगोमा अब प्यार भो जगतको; ज्वाला, उज्यालो धन ॥
ज्वाला दन्दन बोल्छ मीतसरि क्यै वच्चा ठटाई कर।
नाच्छन् दंग बनेर राप-रसले लाली चढी सुन्दर ॥

(८)

थोरै छन् तर दाउरा छ महँगी सारा खरानी बने।
ठंडीलाई धपाउने बल गऱ्यौं, चीसो बढ्यो झन् भने ॥

न्यानो ऊन नपाइयो धन विना हड्डी बने किर्किर ।
नेपाली जनजीवनी यति नहो ! स्वप्ना रहे सुन्दर ॥

# भोटेले साईकल देख्छ

**(हँस्यौंली )**

(१)

बाइसीगल त्यो लर्दैन
झर ! झर ! मोरा ! झर्दैन
गुरगुर पांग्रा अर्दैन !
कास्दो जुद्धा साडकमा,
            खाल्डो छन, पर्दना !

(२)

खुरखुर गऱ्यो दुइ पांग्रे
चाल्दछ ग्याँचे मट्यांग्रे
लावरमा पर्न एक भ्वाँगरे !
पक्रन्छु तींलाई साडकमा,
            भेट्टाउँ भन्दा अर्दैना

(३)

ए ! ए ! बाँग्यो ढुल्यो रे !
ढल् ढल् मोरा ढल्दैन !

टिन् टिन् गार्दै टिक्यो रे !
क्यान हो खुट्टा गल्दैन !
श्वाँ श्वाँ पो पार्छ मोलाइ ए !
भीरपांग्राभैं अर्देर !

(४)

कुइ ! कुइ ! कांछी दगुर्न !
भागेको च्यांग्रो फिर्दैन !
पक्रेर एकताल ए हेर्न !
कस्तो रैछा दम भनें !
एकताल त्यसमा चढी हेर !
कात्तिको रैछ दुगुर्नें !

(५)

केरुँगबाट शहरमा
हेर्नलाई झिलमिल झारेको !
बाइसीगाल देख्यो रहरमा
सादकमा खुरखुर गारेको
आन ए फिर्कां मोरा रे !
हेरुँ त भन्दा फिर्दैन !

(६)

फिर फिर पांग्रो बाग डाँडी
ढुनमुन हातो डर्दैन !
ह्वाँग्राको पांग्रो पहाडी
भीरमा घर्कीं अर्दैन !

मन्दिरझैं घंटी टिन टिन छ !
बोलाइलिंदा टेर्दैन !

(७)

फलामको जाँतो घट्टझैं
पानीविनु दुगुर्छ !
सर्पझैं सुलसुल बगेर
खोलाबाट झैं खुरमुर छ !
अंधो पो रैछ एकान्छी !
पछाडि भने हेर्दैन !

# वसंत-परी

(१)

वसंत परी क्वै चलिरहिथिन्
फूल सरले नचिरेकी!
सग्लै हृदय गरेकी!

(२)

दिनकर झंडे लाल घाउझैं
बुझिनन् तिनले उनलाई
जलमा डुवे ती नितलाई!

(३)

एक गुलाफको छाती परी
एकान्त बन्ला एक बिन्दु, मरी
रातभरी!

(४)

काँढा छलीकन, कोपिलाका
प्रथम पत्ती पथ गरी,
स्वप्नामा चल्छिन् परी

(५)

"के कहूँ?" बोल्ने छ कोकिल
बक्वके!
झस्किओइनन् ती कतै तिर
कोटी इंगित यी पुगे?

(६)

जूनले सुरपुर अटाली–
बाट लाल!
टोल्हाईकन हेरिरैछन्
आज रातभर,
छोई मसीनो, हलुका कपाल!
स्वप्नले बुझ्दैन जाल?

(७)

भो! म बस्दिन यो जगत्मा
पस्छु सपना
स्वप्न देश!
ती त्यहाँ छन् भेट होला
यो सडकमा भन्दा जगत्को
मिलन त्यहींको
धेरै बेस!

# प्रेम

(१)

तारीफ लाख भुले उपवनमा
केवल आँखा रमायो
अरूले अलिकति देखेकोले
पूरा हृदय समायो
अरूसरि देखे अरूले जसकन
उसले अलग भै बोलायो।

(२)

नौलो भए पनि परिचित सदृश छ
के यो दिलले बोलायो?
दुनियाँ बदल्यो बिस्मृत जीवन
रमरम जाग्यो होला यो?
शिवले उमाकन शृङ्गार बनाउन
सपन्यो भूतल एक झलकले!
दुइको निजीवर होला यो?

(३)

विश्व बिलाउनु बिन्दु बनीकन

हगभर दृगभर टनाटन!
क्षणक्षण जलकण सिर्भनहरू हुनु
शून्य बीचभैं तारागण।
स्वर्ग रची क्वै रोइरहेछ
निशिभर, निशिभर!
दिव्य स्वपना!
एक लासमा उडुगणवपन यो!
धन्य! प्रेमको जीवन!

# गहूँको संझना

गहूँका खेतमा प्रातका भेटमा लच्कन मन धाउँछे
शीतको दाना रूपले समाई हावामा बिलाउँछे!
इन्द्रेनी झल्के त्यो शवन मलाई जिज्ञासा पछ्याउँछे
नाकले मुसुमुस वायुमा पैल्याई, मुसकानले जिस्क्याउँछे!
"बालाई बोक्ने बेला भो नानी!" भन्ला कि भनेर
पहिलेनै बशे गवँरा झुकी डुबुल्की, मस्काउँछे
हावालाई छुन दिन्न है मेरो कोपिले कलेवर
भनेर कुत्कुति लागेकी बोट
हरेकबार लंकिदा वायु लच्केर सर्माउँछे
खोलाको तट होस्, वसंती पट होस ऊँचाइ होस् जमीनको
कविको घट होस् क्या रस भरी आनन्द फिजाउँछे!
शहरमा डुलें, उदास भएँ, सुवास यहाँ छ,
कलिलो घाममा गँवरा जहाँ चुलबुल गीत गाउँछे
छयल्ले प्रीति धेरै नै खोल्यो... मलाई याद आउँछ
जेठ छ आज, गहूँ छ माइती,
दश महिना बसी, मलाई संभी, आगेसाल घर आउँछे।

# चिल्ला पातहरू

(१)

पर्खाल कूवा उपल्ला
ए चिपिचिल्ला रूख चल्ला !
हावादीले छ्याप छ्याप हाली
तेल, मुसारी तिम्रो केश, के
रूख आमाले उर हल्ला' ?

(२)

खोस्री जराले रस डल्ला
आमाको स्तनको दूध चल्ला !
आमाको आमा पृथ्वीबाट
उक्लिरहेको सिर्कोले के
फस्टिरहेका आँग चिल्ला ?

(३)

कुन बीउमा थ्यौ चिचिल्ला ?
पींढी कुन हुन् उपल्ला ?
पृथ्वीकी आमा सूर्यलाई भन्छन्,
सूर्जेकी आमा को होलीनि ?

(४)

ए बच्चा हो ! भू-जिल्ल !
चंचल, चंचल ! प्रफुल्ल !
कसैको स्वपना फिरफिर हौ कि ?
स्वर्गगाका हाँगाका कणझैं,
कविको मनमै झिझिल्ल ?

# साउन

(१)

भोली साउन आउँछ रे! भोलि साउन आउँछ!
स्वर्ग गीत गाउँछ रे! स्वर्ग गीत गाउँछ!

(२)

वंग सागर सगर चढ्यो पूर्व दक्षिण कूना
बाफ फिंजाई कालो पंख चौथाइ ढाको आकाश
पश्चिमोत्तर होढ गर्छ आर्का बादल दूना
सोझो दक्षिण पातलो छ, मिरमिर सेतो मिठास
झिलमिल गर्छ पहिले दक्षिण शिरविन्दुलाइ पुग्न
उत्तरतिर डब्बल गोला फुट्छ झल्याँस झल्याँस!
आनन्दको मा( ?) जत्ति गंध बोक्छ बतास!
आकाशको अन्तस्तल गूँजी गूँजी गाउँछ!

(३)

झ्यालमा ज्यादा नढल्क है हांफालौली प्यारी!
नृत्यका सब पोथी नशा कुत्कुताई ज्यादा!
सुख छ आज जंगली भै वनमा नाच्दो भारी,
'आधा भल्की, आका लुकी, बिजुली छ प्यादा!

तिम्रो आँखा चंचंचंके मीतझैं बिजुलीका'
मुटुभित्र खलबल् नाच्छ बल्लरीको सारी !
प्रकृतिको मंच विशाल, घनघटाको निंता,
सागर छाल, सगर छाल प्राण मंत्री गाउँछ
भोलि साउन आउँछ रे ! भोलि ! साउन आउँछ !

(४)

चूली चूली हातेमालो झुल्की उफ्री बोली
स्वर्ग दिन्छ एकै झलक, एकै झिमि खोली
यस डरले कि ज्यादा हेरे पृथ्वी पगली होली
दक्षिण उड्छे शिरविन्दुलाई जिस्काई पक्रुँभनी
उत्तर फुटले चर्को गोला संसार झलझल बनी
दूरबाट पत्ती छंकी मसीनो झर आउँछ
मकै बोल्छन् झप्प खेतमा भाषा ललचाउँछ
आज रातको खुशीयाली जन, वन छाउँछ
फूल बोटको पूर्व जन्म हाम्रो भिझलाउँछ !
किनभने तीतरपंखी आकाशको चारी
चिचिल्लाको बाबु साउन, इन्द्रेनी ली प्यारी
कूलो कलकल संगीत महल( ?) पृथ्वीका ठाउँ कला
धानका पन्ना मखमल मूना बसी गीत गाउँला
रमरम रापलाई छकी जलले छाया छवि ल्याउला
हरियोको राजमा कलकल मुजूर चढी जाउला ।

# सडेको सुकुल

(१)
दुनियाँ पोस्ने कोसीस नगर्नू
हुन्छ सुकुलको गति

(२)
सूर्य पूजारी एक साधुको हुँ
छाला बटारी टाँगेको,
सारा मैला पयर प्रति

(३)
यो पनि मेरो एक जीवन हो
मृत्यु पश्चात्
वेदनाको एक जाली हो
एक मौनीको
अन्तर्नाद

(४)
अमृतकणीक नलीहरूको
यही हो अन्त दशा!

महर हुनु हो एक व्यक्तित्व
कीटाणुहरूले कुहिई रून्छ,
त्यागको नशा

(५)

छातीभर छन् आजरे प्वाल !
आज छ उरमा आई
गुँडुल्किरहेको एउटा ब्याल
धिक्रे मेरो मति !
दुनियाँ पोस्ने कोसीस नगर्नू
हुन्छ सुकुलको गति !

# हाम्रो दोष

(क)

शाना जलाशय यसका उरमा
ढुंगा फ्याक्ने यसको दोष ?
छालहरुका उछालहरुले गाली गर्छन
शरापिरहेछन् प्रकृत दोष !

(ख)

ढुंगाहरूकन मंत्र पढाउनु कसले भन्यो ?
कसले हाल्नु होश ?
बुर्बुक्क उफ्रो प्रश्नरूप भई
आउँछ सोध्न छाफसंग जब
किन रे जगायौ ?
उत्तर हाम्रा–
उसको–... ?

(ग)

सुतुबाहरु सब सुतिनैरहन्थे
किन यो घचघच हाम्रो ?
जगाइ दियौंता जागिरहन्छन्

बदमाशी यो नराम्रो !

(घ)

चेतनाका सेडियम् यो
जलमा हाल्दा आगो बल्यो
तिमी र हामी भस्म नहुन्जेल
ज्वाला चल्यो !

(ङ)

आँखा हुनेले पाप गरे
मुखहुनेले गोली हाने
रनथन युगको यो आत्मा हो
पर्दछ वित्यास !
आफ्नो दोषको आफ्नै डंड
सहन नजाने ।

(च)

हाय ! रे हाम्रा प्रज्वालक गीत !
हाय ! पितृहरूका आत्मा
व्योम मंडलमा भयभित !
निषिद्ध फलका परिणाम यही हुन्
भयंकर, पुनीत !

(छ)

किन त्यो निस्वप्न सुखी दरिद्र-
लाई सपना देखायौ ?

किन स्वीकृत सब मूल्यहरूकन
उल्टा भनीकन लेखायौ ?
चलिरहेको नदी चलाए
या बज्र बनी बन बाँध
या त जाऊ हुँर्रिई जलले
अविदित दूर अगाध।

(ज)

देखाउने सब चोर औंला-
हरूको आज छ मुद्दा
बालक जन्मी सोधिरहेछन्
यो के ? त्यो के ? यो के ? त्यो के ?
कुन हो मसीनो ?
कुन भद्दा ?

(झ)

यो हो हाम्रो सार दोष !
पशु बन्न जो चाहन्थे ती
घाँसमा लागे गर्न असंतोष !
भुल्काहरूले दिनमा आँखा
खोल्न पाए नौलो होश
विवेकलाई बादल भन्थे
भन्नलागे घाम, उज्यालो
बोको पूजा धर्म थियो, जो
पाप भयो अब,
जो होस्...

यस खलबलका,
उथलपुथलका,
बदमाशहरू हुँ हामी आफू,
दंड छ हाम्री माटो च्यापू,
दुनियाँकी सुख संतोष उडायौं,
धर्मलाई यसरी बुडायौं,
अफीम चिलिम सब जसले खोस्यौं,
शंका जलाई जसले झोस्यौं,
पयरमुनिको धर्ती उखाड्यौं,
परंपराका भूतहरू गाड्यौं,
भ्रमका सुन्दर उपवन फाँड्यौं,
हामी नयाँ बन्दरहरूको
सब बदमाशी
सारा लूट!

# चिडियाहरू

उड, उड, रंगीबिरंगी चिडिया,
लाख, लाखका ताँती !
जन-मनमा गै नीड बनाउन !
बच्चा काडन, बहुभाँती !

उदयाचलका किरण परेका,
इन्द्रेनीका पंखहरू !
हाँगा हाँगा बास गरेथ्यौ
बिकशी पंख, भरीकन मेरो
जीवन-नामा हाँस्ने तरू !

पंख बढेका । जाओ कूजन
मेरो ऊषाका गान !
बोलिरहुँला ! तिम्रा स्वरमा
उपहास गरी अवसान !

# कुखुरो प्रति

मीठो मिर्मिरको अगाडि मधुर सिरसिर हवामा हुँदा,
प्रात; स्पन्दनका, निदालु नभमा, नाडी फिका ब्यूँझदा,
स्वप्नामा मिसिदां अचेत विपना, घण्टा नघन्कीकन,
तैं दुष्टा, पहरा प्रभातहरूको, कुर्लिस जनोद्बोधन !

हे टेजी कुखुरो ! तँ अग्रिम चरो ! आगो रँगिस पंखमा !
ऊषाको अभिवादना ! उदयको नारा ! निशाजंगमा
तैं जेता ! हिउँ-टाकुराहरू जगा, मागेर स्वर्गानल !
ज्येठो जागृतिझैं, ठड्याइ शिरको त्यो स्यूर शानी, तल !

उड, ठाडो ध्वनिमा, तँ नीरव निशालाई चिरी, चर्चरी
जोशी मार्ग प्रदर्शक प्रकृतिको, ए दूरदर्शी चरी !
उम्लेको अझ छैन रंग गरमी कूची लिंदा प्रातको
डाक्छस रश्मि, तँ सृष्टिकी मधुपरी ! तान् फेर अज्ञातको !

टिप्छस्, स्वर-कणिका, जुहार छबिका, ती राप शेता सब
दाना सुन्दर, खेल-आँगनभरी ऊँचा हवाका जब,
कोहेनूर गरेर शेष नभमा, जो मिर्मिरे स्टार हो !
द्रष्टाका दृगले किनार परको देख्छस् प्रभा तैं अहो !

साछी ए नवसृष्टिको ! तँ पहिला वाणीहरूको कबि
वेद-ज्योत्स्न हिमालचूलिहरूको जो धर्मका हुन् नवी !
होस् तै दिव्य प्रतीक्षक प्रकृतिमा ! ए क्रान्ति ! ऊचो गला !
उम्ला स्वर्ग, उठा जगत्, तँ पहिलो होस् स्वप्नचेता कला !

मौनोको छ मुहर्त, नाभिदलकी फूर्दो नयाँ भैं ध्वनि,
आर्को स्वप्न छ शेषशायिप्रभुजी फूर्दा सुती क्यै गुनी !
जागा रातभरी सुतेर, पहरा क्वै दिव्यको खातिर,
पाएँ दिव्य प्रभात नाद कुखुरो ! तैं बाट ऊर्जेखल !

गाए मात चढेर ! व्यूँझन सिका ! यो जाग्नुको गौरव
यो संसार सुतालु हुन्छ बहुत, सुत्ला सँधैभैं सब !
बिर्स्यो दिव्य अनेक प्राय, भुलिगो रे बुद्ध, ईशा, कति !
यै हो धर्म ! नयाँ ध्वनि, प्रतिध्वनि प्रोबुद्ध पार्ने मति !

# एक अयारे साँझ

प्रयासी सन्ध्याले अलि अलि रँगी जाल जलको ?
उतै होला लाली उपरतिर ! अल्पांश झलक्यो !
'म झर्छु पृथ्वीमा' भनिकन गरी कोसिस कति !
छ मेरो भाषामा हृदय रगिएझैं अलिकति !

उज्यालो त्यो उड्ला, छिचलिन नसक्तै यति तल !
अँध्यारोले छोप्ला गगन ! अनि–बाँको जल, जल !
'म उत्रू' पृथ्वीमा भनिकन गरें कोसिस पर,
रछायो क्यै छाया ! तर विफलता भै बरबर

# माघको खुलेको बिहान

क्या खुल्यो बिहान आज !
नीलिमाले फाली
सकल घुम्टो जाली !
बाल्मीकिको हृदय तुल्य व्यम निर्मलायो
राम प्रात आयो !
क्रोन्चरुधिर एक क्षणतक नभमा छिर्बिरायो !
करूण छन्द भै आकाश-श्वाश-लहर आयो !
पन्छीले यो प्रातलाई उत्सवै मनायो
उक्ले अंशुमाली !
भस्मीभूत दिन-चरी उढ्छ भै सुनौला !
मानवी भविष्यतर्फ दिन्छ एक औंला,
एक तरुको करले, युगले, पूर्व पाज हल्ली !
दिबस बोव्छ मसीनो स्वरमा, (ध्यानले सुनौला ) ?
बज्छ हृदय-जाली !
प्राचीका हीरा-स्वरुप ब्रम्हा पुस्री अल्पे,
जसले सृष्टि कल्पे !
एक सफा डफ्फा बकुल्ला पौडिए उज्याला,
जीबनीका गतिका सुखका मधुर पंख चाली !
द्रुमशिखामा किरण चिडिया प्रथम आएर बसे !

गुप्त इन्द्र-धनुष-ध्वनिको गुन्जन गाएर खसे !
मेरो भित्री चिडिया लाग्यो कुर्लन पंख चाली !

# सालपाते फट्याङ्ग्रोलाई

चिल्लो ताजा हरियो सुन्दर
सालको नकली पात!
दुरुस्त रेखा धर्सा शिरा छन्!
विसालको शाल विपिनको
तरु शाखामा ए सुन्दर पतग
अभिनवजात।

रूपकी माउ इच्छाशक्ति
जादुगर्नी खासा!
प्रकृतिको यो संरक्षक रँग
बीच बोल्दछे क्या वाचाल
युग-भाषा।

कस्तो सफल वाह! तेरो समाधि।
यो अंकुर
सहस्र सम्वत्सरभर विकशिस्
जिइस त
ब्यापी क्षणभंगुर
पतंग मरे कति पतंग मरेन

त्यसको विकस्यो अंकुर
अभिष्ट आवश्यक बाबु जो
कवि हो यस जन-वनमा रे
जादूको यो परिणति दिनमा
दूर नसक्ला ?

# ठूला र सानासंग

(क)

ठूलाले गरेनन् केही सानाले मलाई अपनाए !

(ख)

दुःखी देखी मुठी कसे, छाती सारो पारी,
धननै शक्ति भनी बसे, मानव छ कैदमा !
तिनले खोको ओठलाई चुचकारे खेदमा !
महलमा मिसिन काहीं ! पग्लिंदो भयो हैं रसना ए !

(ग)

सानासंग साधारण सडकमा चलें
दुईटाआँखाभर तिनका आँसुदाना फले !
दुःख हुँदा दुःख चिने मुटु मिल्यो ताल !
दुइ दाना तिनको जिल्छ; कुबेरको छाल !
साना पो ठूला हैं देख ! गरीबमा कुबेर भन् पाएँ ।

# तीन स्वर्गवासी बच्चाको संझना

(क)

सिमसिम पानी हावामा झरझरी, मेरा आँखा किन छन् बरबरी ?
झिलझिल झिल्को बिजुली, चर्चरी बदली दिल चिर्दछे घरघरी ।

(ख)

चिथरो बादल जस्तो छ के र कलेजा रुझाउने ?
रुझेको साँझ जस्तो छ के र परेला रुझाउने ?
पहिली फूल को पिला मेरी टिपेथ्यो कालले
पहिलो टुक्रा कलेजाबाट काटेर चराउने !
बरबर आँखा त्यो बालभाखा ? हिउँहातले छोइदियो सनसरी !

(ग)

मातृभूमि देखी रूँदै हांफालें म छालमा
यस्तै स्वर्ग रोइरहेथ्यो अँधेरोको कालमा
माहिलो त्यो जुत्ता लुकाई भऱ्याँगको, प्वालमा
"न जाऊ बुबा।" भन्दै रोक्थ्यो, हप्काई भागें जालमा
"बुबा मलाई बोलायो ?" भन्दै स्वर्ग गो त्यो भोकले हुरहुरी !

(घ)

ज्येठो थियो हिले कमल, प्रतिभाको ज्वाला
बुद्धि उसकी गहिरी अति, शान्त उसको चाला
बाँझो माटो, घाम थोरै पात कीरा लागी,
बोल्न छोड्यो, लुच्छ माली, बेहोश, मलाई त्यागो !
संझी आमा ओठमा फरफरी, भुशुनाजल मनमा बरबरी !
यस घरमा बसेनन् ती चरी सुख दिन सकिन हे हरि !

# तारा

(१)

झिकन, झिक चमचम तारा
देख्दछु झलमल झुंड हजारौँ
अनंताका आँखा तुल्य
गरी इशारा छौ बहुमुल्य !

(२)

वरपर बाक्लो रात छ सारा
रूप र रँग छन् लुप्त हजाँरा
निद्रा बिचमा मस्त छ लोक
पहरा दिन्छौ अमरालोक !

(३)

यस दुनियाँमा युग युग आए
जनगणसेवक ज्योति बिछाए
तिनका आत्मा सदृश सारा !
स्वर्गभरी छौ चमचम तारा !

(४)

जनक सुताका दृगका मोती
जस्ता बरबर, टपटप ज्योति,
जननी पृथ्वी माथि परेर ?
संभिरहेछौ राम भरेर ?

(५)

बालुवाका अनगिन दाना,
जस्ता, त्यति पर, मिर मिर साना
कुन खोलामा गुड्छौ भलभल ?
जिउँदा शोभा, चंचल पलपल ?

(६)

हेर ! खरानीसरि संसार
रात विषे भो शून्याकार !
काल जितेका उच्च उज्याला
बन, बन, भन्छौ पृथिवी वाला

(७)

अथवा सुन्दरताकी रानी
ढल्की हेर्दा देश हिमानी
चुंडिन गएका मुक्ताहार
बरबर छरियो दानादार ?

(८)

ताराहरु हो ! बोलन बोल
अमृत वाणी दिलमा घोल

विश्वपिताका दिलका सारा
उँचा, सुन्दर भाव हजाराँ